# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२।०४।१६**

वैदेशिक रोजगारको कार्यलाइ सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच सहित मनोसामाजिक परामर्श सेवा सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गिरएको छ ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२।८३ | **मनोसामाजिक परामर्शकर्ता** | **सहायक पाँचौ** | **१ जना** | **राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ।** जुन निम्नानुसार छ:<br>➢ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>➢ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>➢ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel,Power Point, Email/internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन् तयार गर्न सक्ने ।<br>➢ महिलालाई विशेष प्राथमिकता दिईनेछ । |

**परिक्षा दस्तुर:** रकम रु. १,०००।- (एक हजार) मात्र ।

**उमेरको हद**: महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने ।

**छनौटको किसिम :** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

**तलव तथा अन्य सुविधा:** स्थानीय सेवाको सम्बन्धित तहको शुरु स्केल वा सो सरह ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको चार प्रति फोटोको साथमा हस्तलिखित निवेदन सहित वेसीशहर नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया:** प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट भएको उम्मेदवारहरुलाई मात्र लिखित र अन्तरवार्ता समावेश गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२।०४।३० गतेका दिन कार्यालय समय भित्र बुझाउनु पर्नेछ ।

**लिखित परिक्षा मिति :** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन हुदाँका बखत तोकिनेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत